आज मिति २०७९।०२।११ गते बुधबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको पहिलो बैठक तपसिलका पदाधिकारीहरु ज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | 9852835166 | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२२८४५५२८ | |
| ३ | श्री धुवराज आचार्य | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२१२६९४६ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | | |
| ७ | श्री लुङ्गाराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५६९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८० | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०३[illegible]८६६९ | |
| १० | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०१५८५०६ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५५८२५५०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६५०८०५१<br>९८६३८२८०४९ | |

प्रस्तावहरुः

१. धन्यवाद ज्ञापन सम्वन्धमा ।

२. नगरपालिका क्षेत्रमा शुन्य घर प्रसुती (Zero Home Delivery) का लागि निःशुल्क एम्बुलेन्स सेवा सम्वन्धमा ।

३. यस नगरपालिका क्षेत्रमा रेहका मधुमेह, उच्च रक्तचाप लगायतका दीर्घरोगका विरामीहरुको औषधी उपचार सम्बन्धमा ।

४. विपद्वाट प्रभावितहरुलाई राहत उपलव्ध गराउने सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं १ माथि छलफल गर्दा संघीय लोकतान्त्रीक गणतन्त्रात्मक नेपालको दोस्रो कार्यकालको लागि स्थानीय तह सदस्य निर्वाचन २०७९ सफल पार्नको लागि योगदान पुऱ्याउने संघीय सरकार, प्रदेश सरकार निर्वाचन आयोग, यस नगरपालिका क्षेत्रमा क्रियाशिल राजनीतिक दल, स्थानीय तह निर्वाचन अधिकृतको कार्यालय, चौदण्डीगढी नगरपालिका कार्यालय, निवर्तमान जनप्रतिनीधीहरु, स्थानीय सुरक्षा निकाय, पत्रकार, वुद्धिजिवी आम मतदाताहरु लगायत सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्ने निर्णय गरियो । साथै यस चौदण्डीगढी नगरपालिकाको प्रथम निर्वाचित नगर प्रमुख ज्यू लगायत वहाँको टिमले यस नगरको वहुआयामिक क्षेत्रको विकासमा पुऱ्याएको योगदानको कदर गर्दै निवर्तमान नगर प्रमुख ज्यूलाई प्रसंशा पत्र प्रदान गर्ने साथै स्थानीय तह सदस्य निर्वाचन २०७९ लाई स्वच्छ, निष्पक्ष एवं मर्यादित सम्पन्न गर्न पुऱ्याउनु योगदानको र समन्यवयात्मक भूमिकाको उच्च कदर गर्दै निर्वाचन अधिकृत श्री महेश कुमार दाहाल ज्यूलाई प्रशंसा पत्र प्रदान गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं २ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रका गर्भवती, नवजात शीशु र सुत्केरी आमाको स्वास्थ्य सुरक्षाको लागि नगरपालिका अन्तरगतका १० वटै वडाहरुमा शुन्य घर प्रसुती(Zero Home Delivery) को लागि घर देखि स्वास्थ्य संस्था सम्म र स्वास्थ्य संस्था देखि घर सम्म निःशुल्क रुपमा एम्वुलेन्स सेवा उपलव्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रमा रहेका मधुमेह, उच्च रक्तचाप लगायतका दीर्घरोगका विरामीहरुको औषधी उपचारको लागि आवश्यक तथ्यांक संकलन गरी निशुल्क उपचारको लागि आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस नगरपालिका अन्तरगतका १० वटै वडाहरुमा हावाहुरी लगायत विपदवाट प्रभावित नागरिकहरुले प्रहरी मुचुल्का र वडाको सिफारिस सहित राहत माग गरेको हुँदा त्यस्ता विपद प्रभावित व्यक्तिहरुको प्राविधिक मूल्यांकन र नगर स्तरीय अनुगमन समेत गरी निजहरुको क्षतीको अवस्था र नगरपालिकाको वजेटको उपलव्धता समेतको आधारमा उचित राहतको व्यवस्था मिलाई आगामी कार्यपालिकाको वैठकमा अनुमोदनका लागि पेश गर्ने गरी नगर प्रमुख ज्यूलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।